## ६५ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१.माडी नगरपालिकाको ६४ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो र कार्य सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं.२. माडी नगरपालिकाको १७ औं नगरसभा मिति २०८२।१२।०४ गते बुधवारका दिन बिहान ११:०० बजे माडी नगरपालिकाको सभाहलमा गर्ने।

निर्णय नं.३. बागमती प्रदेश सरकार अन्तर्गतको माडी नगरपालिकाका लागि लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज केन्द्रको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) स्वीकृत गर्ने।

निर्णय नं.४. आगामी आ.व. २०८३/०८४ का लागि प्रदेश समपुरक तथा विशेष अनुदानका लागि तपसिल अनुसारको योजनाहरु प्रस्ताव गर्ने।

प्रदेश समपुरक तर्फ

| प्राथमिकता क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | वडा नं. ०१ सेरुवा देखि शिखारीपुर त्रिचोक हुँदै कल्याणपुर रातोपैरो सम्मको बाटो कालोपत्रे | लागत अनुमान अनुसारको लागत सहभागिता बेहोरिने प्रतिबद्धता सहित |
| २. | वडा नं. ०९ धम्पुसचोक बाट नमुनावस्ती हुँदै खरिकुना बाट ९ नं. वडा कार्यालय जाने बाटो कालोपत्रे | लागत अनुमान अनुसारको लागत सहभागिता बेहोरिने प्रतिबद्धता सहित |
| ३. | ढिकुरवारी, मजुवा हुँदै रामराज्यपुर जानेबाटो कालोपत्रे- वडा नं. ५ र ६ | लागत अनुमान अनुसारको लागत सहभागिता बेहोरिने प्रतिबद्धता सहित |

प्रदेश विशेष अनुदान तर्फ

| प्राथमिकता क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | बघौडा अस्पतालमा सुदृढिकरण अन्तर्गत ब्लड बैंक र डायलोसिस सेवाका लागि आवश्यक सामाग्री खरिद | लागत अनुमान अनुसार माग गर्ने |
| २. | सगरमाथा मा.वि. हनुमानझुलामा सौर्यउर्जा सहितको विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याव स्थापना वडा नं. ०९ | लागत अनुमान अनुसार माग गर्ने |

निर्णय नं. ५. यस नगरपालिकाबाट स्वीकृत दरवन्दी अनुसारको नगर प्रहरीहरु र हनुमानझुला स्थित स्वास्थ्य संस्थामा २ जना अ.न.मी. सेवा करारमा लिने।

निर्णय नं. ६. माडी नगरपालिकामा रहेका विभिन्न विषयगत समितिहरुको बैठक नियमित गर्ने ।

निर्णय नं. ७. माडी नगरपालिकाले बिक्री गर्ने क्रसर उत्पादन सामाग्रीको मिल्य अभिवृद्धि कर बाहेकको रकम नगरपालिकाबाट रसिद काट्ने र मूल्य अभिवृद्धि कर संघिय सरकारको राजश्व भुक्तानट् पोर्टल मार्फत तत्काल दाखिला गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ८. माडी नगरपालिकाको फोहारमैला व्यवस्थापनको कार्यका लागि वडा नं. ०६ मा फोहरमैला प्रशोधन केन्द्र सञ्चालन गर्ने।

निर्णय नं. ९. माडी नगरपालिकाको पशुपन्छी शाखा मार्फत सञ्चालन हुने संघीय सशर्त कार्यक्रम अन्तर्गतको दुध संकलन केन्द्र निर्माण चिलिङ भ्याट खरिद तथा जडान समेतको कार्य सन्दर्भमा विभिन्न सहकारी तथा

कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

फर्महरुबाट माग भए बमोजिमको दुध ढुवानीका लागि सवारी साधन तथा अटो खरिद कार्यलाई समेत समावेश गरी प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. १०. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत को आन्तरिक रोजगारी सिर्जना/ प्रवर्द्धन क्रियाकलाप सञ्चालन शिर्षकमा प्राप्त बजेट मार्फत वडा नं. ३ बैराठ (इनरबरुवा)को अधुरो नाला निर्माण, वडा नं. ६ बसन्तपुरको अधुरो नाला निर्माण, वडा नं. ४ विरञ्चीको अधुरो नाला निर्माण, वडा नं. १ र २ को बरुवा अधुरो नाला निर्माण, वडा नं. ०५ को रमाईलो डाँडाँको नाला निर्माण र मनिध्वज चोकबाट रौतनी खोलासम्मको अधुरो नाला निर्माण गर्ने ।

निर्णय नं. ११. माडी नगरपालिका भित्र महिनावारी स्वास्थ्य सम्बन्धी Sparsa Ambassador Program कार्यक्रम सञ्चालनका लागि स्पर्श नेपाल संस्थालाई अनुमति प्रदान गर्ने ।

निर्णय नं. १२. माडी नगरपालिकाको वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका नागरिकलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७९ बमोजिम गैंडाको आक्रमणबाट मृत्यु भएका माडी नगरपालिका वडा नं. १ निवासी वालकृष्ण भट्टराई लाई नगद रु.२,००,०००।- अक्षेरुपी दुई लाख रुपैया मात्र राहत रकम उपलब्ध गराउने ।

निर्णय नं. १३. माडी नगरपालिकाले गरिरहेको पुराना घरहरुको अभिलेखन कार्यको समयसिमा २०८३ असार मसान्त सम्मलाई बढाउने ।

निर्णय नं. १४. आ.व. २०८१।८२ को सामुदायिक रेडीयो माडी कार्यालय व्यवस्थापन शिर्षक अन्तर्गतको **NTB CENTER** लाई गर्नुपर्ने भुक्तानी भुलवस छुट भएकाले पेश भएको बिल अनुसारको रकम रु.२५,०००।- अक्षेरुपी पच्चीस हजार रुपैयाँ मात्र भुक्तानी दिने ।

नगर कार्यपालिकाको कार्यालय
माडी नगरपालिका
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख

CamScanner